नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

## परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)

## सानोठिमी, भक्तपुर

**कक्षा ११ को विषय दर्ता, पुराना आंशिक तथा ग्रेडवृद्धि एवं नियमित परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम भर्ने म्याद थप सम्बन्धी सूचना**

शैक्षिक सत्र २०८१/०८२ मा कक्षा ११ को विषय दर्ता एवं पुराना आंशिक तथा ग्रेडवृद्धि परीक्षार्थीहरूको कक्षा ११ र १२ को परीक्षा आवेदन फाराम भर्ने भराउने सम्बन्धमा मिति २०८१/१०/१४ गतेसम्मको म्याद कायम गरिएको तथा नयाँ पाठ्यक्रम अनुसार कक्षा १२ को २०८२ सालमा सञ्चालन हुने वार्षिक परीक्षामा सहभागी हुने नियमित तथा आंशिक परीक्षार्थीहरूको परीक्षा आवेदन वापतको शुल्क मिति २०८१/१०/१५ गतेसम्म दाखिला गरिसक्नुपर्ने व्यवस्था गरिएकोमा कतिपय विद्यालयहरूले तोकिएको समयभित्र रकम दाखिला गर्न तथा फाराम बुझाउन छुटाएकाले मिति २०८१ माघ ३० गतेभित्र ***अन्तिम एकपटकका लागि*** साविक बमोजिमकै शुल्क (विषय दर्ता वापत प्रति विद्यार्थी रु.४००।-, पुराना आंशिक तथा ग्रेडवृद्धि परीक्षार्थीका लागि प्रति कक्षा प्रति विद्यार्थी रु.१,०००।- र कक्षा १२ को आवेदन फाराम वापत प्रति विद्यार्थी रु.६००।-) बोर्डको संबन्धित कार्यालयको खातामा दाखिला गरी सोही मितिभित्र रकम दाखिला गरेको भौचर र विषय दर्ता फाराम एवं परीक्षा आवेदन फाराम वोर्डका संबन्धित कार्यालयमा बुझाउने गरी म्याद थप गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बोर्डका सम्बन्धित कार्यालयहरूले यसै सूचनाबमोजिम गर्न/गराउनुहुन अनुरोध गरिन्छ ।

***पुनश्च :*** *बोर्डको खातामा शुल्क दाखिला गरी बोर्डमा रसिद काट्न छुटाएका (फाराम मात्र बुझाउन छुटेका) विद्यालयहरूले अगाडी जम्मा गरेको रकमकै आधारमा तोकिएको समय भित्र फाराम बुझाउन सक्ने व्यवस्था गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।*

**परीक्षा नियन्त्रक**